# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जलेश्वर, महोत्तरीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/२८ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, व्याज) लगायत अन्य रकम भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई बैकसँग सर्म्पकमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **जलेश्वर, महोत्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/०७ गते बिहिवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय **जलेश्वर, महोत्तरीमा** दिनको ठीक ३ बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ वमोजिम मिति २०७५/०७/११, मा प्रा.फ.र.नं. ५०२५/२०/०७५/७६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरीक राजश्व विभाग, आन्तरीक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७५/०७/१२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८६७०४३२ को प्रमाणपत्र प्राप्त **साह कोल्ड स्टोर्स** ।

**फर्मको ठेगाना :** महोत्तरी जिल्ला राम गोपालपुर न.पा. वडा नं. ५ ।

| | |
|---|---|
| **प्रोप्राईटर तथा जमानतकर्ता : जितेन्द्र साह** (ना.प्र.नं. १८३०४३/१५, जारी मिति २०७०/०१/२५, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ३, (साविक रामगोपालपुर गा.वि.स. वडा नं. १) ।<br>बाबु : राम खेलावन साह तेली ।<br>बाजे : परीक्षण साह तेली । | **जमानतकर्ता : राम कुमारी देवी** (ना.प्र.नं. १८३०४३/३३, जारी मिति २०६३/११/१७, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ३, (साविक रामगोपालपुर गा.वि.स. वडा नं. १) । बाबु : विर बहादुर साह ।<br>पति : राम खेलावन साह तेली ।<br>ससुरा : परीक्षण साह तेली । |
| **जमानतकर्ता : रामखेलावन साह तेली** (ना.प्र.नं. २०८६४०५०, जारी मिति २०४९/०२/०१, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ३, (साविक रामगोपालपुर गा.वि.स. वडा नं.१) ।<br>बाबु : परीक्षण साह तेली ।<br>बाजे : विलट साह तेली । | **जमानतकर्ता : विरेन्द्र साह** (ना.प्र.नं. १८-०१-७२-००६७८, जारी मिति २०७२/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ३ (साविक रामगोपालपुर गा.वि.स. वडा नं. १) ।<br>बाबु : राम खेलावन साह तेली ।<br>बाजे : परीक्षण साह तेली |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. राम खेलावन साह तेलीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायाम रहेको महोत्तरी जिल्ला रामगोपालपुर गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १क, कित्ता नं. ४४५, ४४३ र १२०७ क्षेत्रफल ०-०-१३-०, ०-०-१६-० र ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ....१

२. ऋणी साह कोल्ड स्टोर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .............१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा **शाखा कार्यालय जलेश्वर, महोत्तरीबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ र **शाखा कार्यालय जलेश्वर, महोत्तरीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**

Size: 3x27